# नेपाल टेलिभिजन
## सिंहदरवार
## आवश्यकता
(प्रथम पटक प्रकाशित मिति २०७४/०५/१४ गते)

यस संस्थानको लागि समाचार वाचक, रिपोर्टर र निर्माता प्रतियोगितात्मक प्रयोगात्मक र अन्तर्वार्ताको परीक्षाद्वारा सेवा प्रदायक करारमा पूर्ति गर्ने सम्बन्धमा देहायबमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुको लागि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र संस्थानको व्यापार महाशाखा भद्रकाली प्लाजा (राष्ट्रिय समाचार समितिको दक्षिणपट्टि) मा आइपुग्ने गरी आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी र म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन । दरखास्त फारम संस्थानको वेभसाइट www.ntv.org.np मा प्राप्त गर्न सकिनेछ ।

| | |
|---|---|
| **१. पदको नाम : अंग्रेजी समाचार वाचक/रिपोर्टर अधिकृतस्तर** | **पदसंख्याः ६ जना** |
| २. **आवश्यक न्यूनतम शैक्षिक योग्यता** : मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक तह उतीर्ण गरेको । पत्रकारिता विषय लिई अध्ययन गरेकोलाई ग्राह्यता दिइनेछ । | |
| ३. परीक्षा दस्तूर : रु. १०००।-( एक हजार ) | ४. परीक्षाको किसिम : प्रयोगात्मक र अन्तर्वार्ता |
| ५. प्रयोगात्मक परीक्षा सम्बन्धी सूचना पछि प्रकाशित गरिनेछ । | |

| | |
|---|---|
| **१. पदको नाम : नेपाली समाचार वाचक/रिपोर्टर वरिष्ठ सहायकस्तर** | **पदसंख्याः १४ जना** |
| २. **आवश्यक न्यूनतम शैक्षिक योग्यता** : मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा १०+२ उतीर्ण गरेको । पत्रकारिता विषय लिई अध्ययन गरेकोलाई ग्राह्यता दिइनेछ । | |
| ३. परीक्षा दस्तूर : रु. ५००।-( पाँच सय ) | ४. परीक्षाको किसिम : प्रयोगात्मक र अन्तर्वार्ता |
| ५. प्रयोगात्मक परीक्षा सम्बन्धी सूचना पछि प्रकाशित गरिनेछ । | |

| | |
|---|---|
| **१. पदको नाम : कार्यक्रम निर्माता/प्रस्तोता अधिकृतस्तर** | **पदसंख्याः ६ जना** |
| २. **आवश्यक न्यूनतम शैक्षिक योग्यता** : मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक तह उतीर्ण गरेको । पत्रकारिता विषय लिई अध्ययन गरेकोलाई ग्राह्यता दिइनेछ । | |
| ३. परीक्षा दस्तूर : रु. १०००।-( एक हजार ) | ४. परीक्षाको किसिम : प्रयोगात्मक र अन्तर्वार्ता |
| ५. प्रयोगात्मक परीक्षा सम्बन्धी सूचना पछि प्रकाशित गरिनेछ । | |

**सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्थाः**

(क) उमेरको हद सम्वन्धमा देहाय बमोजिम हुनुपर्नेछ ।
- आवेदन बुझाउने अन्तिम दिनसम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ ।

(ख) शैक्षिक योग्यताका प्रमाणपत्रको हकमा आवेदकले प्राप्त गरेको शैक्षिक योग्यताका लब्धाङ्क पत्र/ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र आदिका प्रतिलिपिमा उम्मेदवार स्वयंले सक्कलबमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी पेश गर्नुपर्नेछ ।

(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(घ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनेपर्ने र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाणपत्र वा लब्धाङ्क विवरण, ट्रान्सक्रिप्ट प्राप्त गरिसकेको हुनुपर्नेछ ।
तर, नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवाहरुले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्तसाथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरुको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याई हुनेगरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधिभित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तिर्ण

गरसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

(ङ) कार्यक्षेत्र :- आवश्यकता अनुसार केन्द्रीय कार्यालय वा प्रादेशिक प्रसारण केन्द्र

(च) पारश्रमिक :- अधिकृतस्तरको हकमा नेपाल टेलिभिजन कर्मचारी सेवा शर्त विनियमावली बमोजिम छैठौं तहका कर्मचारीले पाए सरह मासिक पारिश्रमिक। वरिष्ठ सहायक स्तरको हकमा ऐ. विनियमावली बमोजिम पाँचौ तहका कर्मचारीले पाए सरह मासिक पारिश्रमिक उपलब्ध गराइनेछ।

(छ) विदाः हप्तामा एक दिन साप्ताहिक विदा महिनामा एक दिन भैपरी तथा पर्व विदा दिइनेछ।

(ज) कार्य घण्टाः हप्तामा ४० घण्टा हुनेछ।

(झ) सार्वजनिक विदामा काम गरेवापत नेपाल टेलिभिजनको नियमानुसार अतिरिक्त समय भत्ता उपलब्ध गराइनेछ ।

(ञ) काम, कर्तव्य र अधिकार सस्थानले तोकिदिए बमोजिम हुनेछ।

(ट) सम्झौताको अवधिः सेवा प्रदायक करारको सम्झौताको अवधि अधिकतम ६ महिनाको हुनेछ।

(ठ) काम सन्तोषजनक भएमा संस्थानको आवश्यकता बमोजिम एक पटकमा बढीमा ६ महिना म्याद थप गर्न सकिनेछ।

(ड) संस्थानले सेवाको निरन्तरता नठानेमा करार सम्झौता नगर्न वा रद्द गर्न सक्नेछ। काम छोड्न चाहेमा एक महिनाको अग्रिम लिखित जानकारी दिई छोड्न सकिनेछ।

(ढ) थप सुविधाः एक वर्षमा एक पटक चाडपर्व खर्च वापत एक महिनाको तलब उपलब्ध गराइनेछ।

(ण) आवेदन शुल्क वापत नेपाल टेलिभिजनको नाममा नविल बैकमा रहेको चल्ती खाना नं ०१०१०११२५४३०२ मा जम्मा गरेको सक्कल भौचार दरखास्त फारमसाथ संलग्न गर्नुपर्नेछ।